म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १८३ २०८१ जेठ १२ गते शनिबार 25 May 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-




## हेटौँडामा राष्ट्रिय शैक्षिक सम्मेलन सुरू

# नयाँ ढंगले उच्च शिक्षालाई अगाडि बढाउँदैछौं: मुख्यमन्त्री जम्कट्टेल



*सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेल ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले उच्च शिक्षालाई बागमती प्रदेश सरकारले नयाँ ढंगले अघि बढाउने प्रयास गरिरहेको बताउनुभएको छ । शुक्रबार हेटौँडामा मकवानपुर बहुमुखी क्याम्पसले आयोजना गरेको राष्ट्रिय शैक्षिक सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै प्रदेश सरकारले उच्च शिक्षालाई प्राविधिक र व्यवहारिक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभएको हो ।

अहिलेको शिक्षा सैद्धान्तिक भएकोले बेराजगारी बढेको, पलायनको स्थिति आएको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो, "बागमती प्रदेश सरकारले माध्यमिक शिक्षा नीति र उच्च शिक्षा नीति नयाँ ढंगले बनाएको छ । माध्यमिक तहका विद्यालय ग्रामीण क्षेत्र लक्षित गरी "एक वडा, एक आवासीय विद्यालय" बनाउने नीति लिएका छौं । उच्च शिक्षालाई प्राविधिक र व्यवहारिक बनाउछौं ।"

मुख्यमन्त्री जम्कट्टेलले विद्यालय तहमै नर्सिङ र इन्जिनियरिङको पठनपाठन हुनुपर्ने जरुरी औंल्याउनुभएको छ । मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको विश्वविद्यालय बनाउने प्रक्रिया अगाडि बढाइएको जानकारी गराउनुहुँदै उहाँले सम्मेलनमा सहभागीलाई उच्च शिक्षाका समस्याका विषयमा खुलेर छलफल गर्न र प्रदेश सरकारलाई सुझाव दिन पनि आग्रह गर्नुभयो ।

यतिबेला सामुदायिक क्याम्पसहरु सबैभन्दा बढी समस्यामा, पीडामा रहेको बताउनुहुँदै मुख्यमन्त्री जम्कट्टेलले संख्यात्मकरुपमा बढी भएकै कारण सामुदायिक क्याम्पस बन्द हुने अवस्थामा पुगेको स्पष्ट पार्नुभयो । सामुदायिक क्याम्पस सञ्चालनको संरचनामा परिवर्तन गर्न सुझाव दिनुहुँदै सम्मेलनले परीक्षा प्रणाली सुधारको मुद्दालाई उठाउन मुख्यमन्त्री जम्कट्टेलले आग्रह गर्नुभएको छ ।

सम्मनेलको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले उच्च शिक्षामा समस्या रहेको र समस्या समाधानमा ध्यान जान नसकेको बताउनुभयो । किन विद्यार्थी विदेशिने योजनामा रहन्छन् भन्ने यनिक गर्न नसकिएको उल्लेख गर्नुहुँदै विश्वविद्यालय तहमा मुलुकमै केही गर्न सकिन्छ भन्ने सिकाउन नसकेको, मुलुकमै बसेर रोजगारी प्राप्त हुन्न, उत्पादनमा लाग्न सकिन्न भन्दै विदेशिनुपर्छ भन्ने बुझाई विद्यार्थीमा रहेको बताउनुभयो ।

२ दिनसम्म सञ्चालन हुने सम्मेलन "उच्च शिक्षाका चुनौति, दीगोपना र विद्यार्थीले बीचमै पढाई छाड्ने दर न्यूनीकरण" को विषयलाई केन्द्रित गरिएको छ । सम्मेलनमा देशभरका ६० भन्दा बढी क्याम्पसका करिब ३ सय प्राध्यापक, अनुसन्धाताको सहभागिता रहेको छ ।

# बागमती प्रदेशको नीति तथा कार्यक्रम सोमबार

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको नीति तथा कार्यक्रम सोमबार प्रदेशसभामा पेश हुने भएको छ । शुक्रबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशसभालाई नीति तथा कार्यक्रम पेश हुने कार्यक्रममा आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्नुभएको हो ।

बागमती प्रदेश सरकारको आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम सोमबार दिउँसो ३ बजे वस्ने प्रदेशसभाको बैठकमा पेश गर्ने भएको हो । प्रदेशसभाको बैठक गत सोमबार बसेर अनिश्चितकालको लागि स्थगित भएको थियो । उक्त बैठकमा नीति तथा कार्यक्रमको विषयमा विनियोजन विधयेक, सिद्धान्त र प्राथमिकतासम्बन्धी छलफल भएको थियो । उक्त छलफलमा प्रदेशसभा सदस्यहरुले सरकारले आगामी आर्थिक वर्षमा नयाँ ढङ्गको बजेट ल्याउनुपर्नेमा जोड दिएका थिए ।

सांसदहरुले बैठकमा आगामी वर्षको नीति तथा कार्यक्रममा युवालक्षित कार्यक्रमलाई जोड दिँदै कृषिमा क्रान्ति गर्न आवश्यक रहेको बताएका थिए । यस्तै, प्रदेश सरकारले उत्पादन क्षेत्रमा जनताका आधारभूत आवश्यकताको परिपूर्ति, सेवा क्षेत्रहरुको सेवा विस्तार र सुधार, दीगो र वातावरणमैत्री पूर्वाधार विकासलाई महत्वका साथ लैजानुपर्नेमा जोड दिएका थिए ।

सरकारले लगानीमैत्री कर नीति लिन आवश्यक रहेको सांसदको माग रहेको छ । प्रदेश सरकारले सामाजिक समावेशीकरण र लैंगिक समानता, भाषा तथा संस्कृतिको प्रवर्द्धन, जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण र अनुकूलन, सूचना प्रविधि र वैकल्पिक उर्जा प्रवर्द्धन, औद्योगिक विकास, शिक्षा र स्वास्थ्य, मन्त्रालयहरुको विषयगत सेवा विस्तारको लागि कार्यालय विस्तार लगायतकामा ध्यान जान आवश्यक रहेको प्रदेशसभा सदस्यहरुको माग थियो ।

बजेट बिनियोजनको क्रममा सत्तापक्षले विभेदकारी ढङ्गले जाने गरेको प्रदेशसभा सदस्यहरुको आरोप रहेको छ । प्रदेशमा बजेट बिनियोजनको बेला संघीय सांसदहरु प्रदेशमा बजेट माग्न आउने गरेको समेत सदस्यहरुले बताएका छन् । प्रदेशमा कतिपय स्थानमा प्रदेशसभा सदस्यहरुलाई जानकारी नै नभई बिचौलियाको माध्ययमबाट बजेट जान थालेकाले बजेट विनियोजनमा विकृति आएको संसदको भनाइ थियो ।

तर, प्रदेश सरकारले बजेट निर्माणको समय सकिन लाग्दासमेत आवश्यक छलफल गरेको देखिँदैन । वर्तमान सरकार फरक ढङ्गको बजेट निर्माण गर्छु भन्ने गफ गर्ने तर कामचाहिँ खासै गरेको देखिँदैन । प्रदेश सरकारले गफ एउटा गर्ने तर बजेट निर्माण गर्दा पुरानै शैलीमा प्रस्तुत हुने गरेको छ ।

सरकारले बजेट निर्माणको क्रममा न आयोगको सुझाव लिएको देखन्छि, न कार्यक्रम नै रहेको छ । प्रदेश सरकारले नीति निर्माणको लागि आयोग गठन गरेको थियो । तर उक्त आयोगले पनि ठोस योजना छनौट तथा प्रभावकारितातर्फ खासै काम गर्न सकेको छैन । आयोगले आगामी आर्थकि वर्षको नीति तथा कार्यक्रम र बजेटका लागि सुझाव संकलन गरेर मुख्यमन्त्रीसमक्ष पेस गरिसकेको छ । तर, सो विषयहरू बजेटमा समेटिने अवस्था देखिँदैन ।

# नेपाल चिकित्सक संघ मकवानपुर गठन

समाज संवाददाता

हेटौंडाः नेपाल चिकित्सक संघ मकवानपुर शाखा गठन भएको छ । शनिबार हेटौंडा अस्पतालका बालरोग विशेषज्ञ डाक्टर हरि खड्काको अध्यक्षतामा संघको मकवानपुर शाखा गठन भएको हो ।

संघको वरिष्ठ उपाध्यक्षमा डा. रामचन्द्र सापकोटा, उपाध्यक्षमा डा. प्रमोदकुमार चौरसिया, सचिवमा डा. राजु सेढाई, सहसचिवमा डा. आरिफ करिम, कोषाध्यक्षमा डा. सुभाषकुमार बनैता र सहकोषाध्यक्षमा डा. ज्योति मुडभरी चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा डा. सुयोग्य वाग्ले, डा. सुनिल शाह, डा. प्रशान्त विडारी, डा. आशुतोषकुमार दास, डा. अमरदीप मण्डल र डा. घनश्यामप्रताप शाह चयन हुनुभएको हो ।

नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, काठमाडौंको आयोजनामा भएको कार्यक्रममा शाखाको शुभारम्भ र अन्तरक्रिया कार्यक्रमसमेत भएको छ । कार्यक्रममा हेटौंडा उपमहानगरपलिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो भने नेपाल चिकित्सक संघका केन्द्रीय अध्यक्ष सनिलविक्रम कार्कीको अध्यक्षता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि लामाले चिकित्सकको काम एउटा धर्मको काम भएको बुझाउन जरुरी रहेको भन्दै डाक्टरलाई सुरक्षा दिन आवश्यक रहेको बताउनुभयो । यस्तै, कार्यक्रममा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन अध्यादेश, २०७९ पेश गरिएको थियो ।

# मकवापुरगढीको ४ नम्बर वडामा निःशुल्क शिक्षा घोषणा

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले वडा नम्बर ४ लाई अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गरेको छ । शुक्रबार ४ नम्बर वडा अध्यक्ष अर्जुनप्रसाद तिमल्सिनाको सभाध्यक्षता एवम् उपप्रमुख मानकुमारी पाखिनले हस्ताक्षरपत्रमा हस्ताक्षर गरी निःशुल्क शिक्षा वडा घोषणा गरिएको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयालले जानकारी दिनुभयो ।

वडा नम्बर ४ मा एउटा मावि र २ वटा आधारभूत विद्यालय रहेको छ । संविधानको भाग ३ को धारा ३१ मा शिक्षाको हकअन्तर्गत् रहेको आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा घोषणा गर्ने तयारी रहेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यविधि २०८० बमोजिम हस्ताक्षरपत्रमा हस्ताक्षर गरी गाउँपालिकाको ४ नम्बर वडालाई निःशुल्क शिक्षा वडा घोषणा गरिएको फुयालले जानकारी दिनुभयो ।

२०८५ सालभित्र देशका ७ सय ५३ वटै स्थानीय तहमा निःशुल्क शिक्षा घोषणा गर्ने कार्यविधि रहेको छ । यसै कार्यविधिलाई आधार मानेर जेठ महिनाभित्र मकवानपुरगढी गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने तयारी गरिएको फुयालले जानकारी दिनुभयो । यसअघि मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर १ र ३ अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा भइसकेको छ ।

गाउँपालिकाको ५ नम्वर वडामा घोषणाका लागि आवश्यक तयारी नपुगेका कारण केही समय पछि सारिएको उहाँले जानकारी दिनुभयो । यस्तै, १४ गते २ नम्बर वडा, १६ गते ७ नम्बर वडा, १७ गते ८ नम्बर वडा र १८ गते ६ नम्बर वडा निःशुल्क शिक्षा वडा घोषणा गर्ने तयारी रहेको छ । आर्थिक वर्ष २०७९/०८० मा बागमती गाउँपालिका र कैलाश गाउँपालिका निःशुल्क तथा अनिवार्य शिक्षा घोषणा भएको छ भने आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरगढी गाउँपालिका र थाहा नगरपालिका घोषणा गर्ने तयारी रहेको छ ।

कार्यक्रममा स्रोत शिक्षक दासरथी उपाध्याय, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलानको आतिथ्य रहेको थियो । यस्तै, विभिन्न राजनैतिक दलका प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानाध्यापक एवम् शिक्षक, टोल विकास संस्था, आमा समूह, वडाका जनप्रतिनिधि, स्वयम्सेविका, सहकारी, वन समूहलगायत संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थित रहेको थियो ।

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

**डढेंलोबाट वन जोगाऔं– अमूल्य वन सम्पदाको संरक्षण गरौं ।**

**डिभिजन वन कार्यालय, मकवानपुर**

**जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी संदेश**

मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म पोलियो बिरुद्धको खोप आइ.पि.भी. खोप अभियान २०८१ संचालन हुँदैछ उक्त आइ.पि.भी.खोप अभियानमा २०७३ साल बैशाख देखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ खोप लगाउन हुन अनुरोध छ । स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म संचालन हुने भएपनि तपाईको नजिकको विद्यालय वा तपाईको बालबालिका अध्ययन गर्ने विद्यालयमा खोप अभियानको मिति फरक हुन सक्छ । त्यसैले आ-आफ्नो बालबालिकाले आइ.पि.भी खोप लिए नलिएको सुनिश्चित हुन अनुरोध छ ।

खोपहरु लगाए पनि सँधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिकैको स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.सा.स्वा.स्वयं.से., वा निशुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं । याद गर्नुहोस । मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ पोलियो रोगको संक्रमणबाट बचाउन तथा पक्षघात हुनबाट बच्न आइ.पी.भी. खोप लगाउन अति आवश्यक छ । त्यसैले उक्त उमेर समुहका बालबालिकाहरुलाई आइ.पी.भी. खोप लगाउन हुन अनुरोध छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**

**विशेषता : जापानिज भाषा**

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला

**IDB Education Consultancy pvt Ltd**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# खै कसलाई थाहा छ



✍प्रत्युषा थापा मगर

अदृश्य सम्मान भएको
जिम्मेवारीको भार बोक्ने
मात्र महान मजदुर हो
राष्ट्रको ऊर्जाशील सपूत ॥

आकाश हेरेर हाम्रो आँखा टल्किँदा
पाउ स्पर्श गरी जुत्ता टल्काइदिन्छन्
त्यति घाउ हुँदा पनि
ऐय्या र आथा गर्छौं
रड र ढुङ्गाले थिचिएको दागलाई
भविष्यको रेखा ठान्ने
मजदुर पनि छन् यहाँ ॥

अहोरात्र खट्नुपर्छ नत्र त
के लाउने, कसरी खाने
सन्तानलाई पढाउनु पनि पर्‍यो
कर्तव्यको त सागर हुन्छ ॥

आसले भनेको तितो सङ्घर्षको सागर
त्यही सफा र तैरिँदा तैरिँदै
कहिले डुब्ने हो खै कसलाई थाहा छ ॥

घरका च्यातिएका भित्ता टाल्नुपर्ने
छोरालाई किताब किन्नुपर्ने
अहिले त श्रमको सङ्गीत गाउँदैछु
यदि लैनै बिर्सने हो कि ?
स्वर धोत्रो हुने हो कि ?
खै कसलाई थाहा छ र ॥

जिम्मेवारीको भार बोक्ने मजदुरको कहाँ
कहिल्यै काहीँ त थाकिहाल्छ नि
बिसाउने नै नपाउँला कि
कुनै दिन त्यो तितो सागरमा
डुबीहाल्छु कि
के यो पीडा सन्तानले बुझिदेलान् र
चिरिएको हात
कसैले थामिदेलान् र
सोच्दा सोच्दै न निदाएका
ती आँखाहरूले निन्द्रा पाउँलान् र

साँझ बिहान बिते पनि
एकदिन सुनौलो बिहानी पक्कै आउनेछ ।
त्यो दिन ईश्वरहरूले
मजदुरहरूको मिहिनेत बुझ्नुहुनेछ
र मजदुरहरुको पीडा र कष्टले निकासा पाउनेछ ।

*कक्षा-८, कमाने एकेडेमी, हेटौँडा-८*

# गौतम बुद्ध



✍अमेश्का मैनाली

लुम्बिनीमा भएको थियो गौतम बुद्धको जन्म
ध्यान, तपस्यामा भएका थिए उनी माग्न
मायादेवी हुन उनका जन्मदिने माता
हुन् बुद्ध ज्ञान र शान्तिका दाता


सुद्धोधन उनको थियो पिताको नाम
ज्ञान सिकाउँदै सबैलाई गरे सधैं राम्रो काम
सिद्धार्थ भनेर पनि चिनिने गरिन्छ उनलाई
विष्णुको अवतार भनेर भनिने बुद्धलाई

झुटो नबोल्नु, हिंसा नगर्नु बुद्धको बोल
जगत्का लागि छन्, बुद्ध सधैं अनमोल
गरे उनले बौद्ध धर्मको सुरु
बौद्ध धर्मावलम्बीका हुन् उनी गुरु

मानिसहरु बुद्धबाट उपदेश लिन्छन्,
बुद्ध सधैं तपस्यामा लिन रहन्छन्
नयाँ धर्मको स्थापना गर्न आएका थिए बुद्ध
थियो उनको मन गंगासरी पवित्र र शुद्ध ।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# मानव



✍वेदाङग सुवेदी

मानव तिमी सुन्दर छौ,
प्रकृतिले तिमीलाई विशिष्ट बनाएको छ
तिमी फक्रेको फुल हौ, पाकेको फल हौ
तिमी प्रकृतिको अदभुत गहना हौ ॥

मानव तिमीभित्र अथाह क्षमता छ
तिमीले चाहेमा तिमी आकाश छुन सक्छौ
समुन्द्रको गहिराइमा गएर
तिमीले मोती टिप्न सक्छौ ॥

मानव तिमीभित्र करुणाको सागर छ
सारा जगतका लागि तिमी आमा बन्न सक्छौ
तिमी भित्रको दयाको सागरमा सारा
प्राणीलाई अँगाल्न सक्छौ ॥

मानव तिमी सधैंभरि खुसी रहन सक्छौ
आफूभित्रको अन्धकारलाई हटाउन सक्छौ
आफू रमाई सारा जगतलाई रमाउने बनाउन सक्छौ
समयको प्रत्येक सेकेन्डलाई तिमी उत्सव मनाउन सक्छौ ॥

त्यसैले म भन्छु हे मानव तिमी कहिल्यै दुःखी नबन
आफूले आफूलाई कमजोर नसम्झनु
तिमीले चाहेमा हीरा फोर्न सक्छौ मोती टिप्न सक्छौ
पहाड झैं अटल बन्न सक्छौ
सारा जगतलाई आफ्नो बनाउन सक्छौ ॥

*कक्षा-९, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# मेरो देश



✍विप्लभ आचार्य

एकता छ नि विविधतामा कस्तो यो अनौठो
हेर्दाखेरी नै कस्तो यो आनन्द नै आउँदो

चन्द्र सूर्य झण्डामा हाम्रो अटलता देखाउँदै
रातो वीरता निलोले शान्ति सबैलाई देखाउँदै

देश यो मेरो नेपाल भनी विश्वमै चिनियो
वीर गोर्खाली भएको देश नेपाल मानियो

हिमालको काख एसियाको माग प्यारो यो नेपाल
विकासको भने कुरा गर्दा त नराम्रो रहला

देशको विकास हाम्रो उन्नति हो भन्ने सोँचेर
प्रगति गर्न अघि बढौं न देश काँधमा बोकेर ।

*कक्षा-६, ब्रह्मदिक् एकेडेमी, हेटौँडा-४*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# प्रकृति



✍कृश्था चौलागाईं

शितल मन पिपल वर रुखको छायाँमा
देश हाम्रो स्वच्छ हेर हाम्रो नै मायामा ॥

नयाँ आयो मनुष्य जीवन अनौठो भावना
सधैं खुसी रहोस् भन्ने छ मेरो कामना ॥

रुख रोपौं भनेर भन्दा अनेक बाहाना
हरियो देश बनाऊँ भन्ने छ मेरो चाहाना ॥

रुखले दिने गरेको जीवन हामीले बिर्सेको
आनन्द हाम्रो हामीले खोस्यौं कसरी भूलेको ॥

हरायो हेर रुख र बोट हरायो छाया नि
नेपालीपन सद्भाव रह्यो शीतलु माया नि ॥

*कक्षा-८, नवोदय शिशु सदन, हेटौँडा-४*

# आमालाई चिठ्ठी



✍युजीना राना

आदरणीय आमा सादर नमस्कार

म यहाँ सन्चै छु । त्यहाँ तपाई पनि सन्चै हुनुहुन्छ होला भनी आशा गर्दछु । आमा तपाईलाई भन्नु पर्ने कुराहरु थुप्रै छन् । त्यही कुराहरु म यही चिठ्ठी मार्फत वर्णन गर्दैछ ।

आमा तपाईले नै हामीलाई जन्म दिनुका साथै हाम्रो हेरचाह गर्नुभयो । आमा तपाईले हामीलाई जन्म दिई यो सुन्दर संसार देखाउनुभयो । आमा तपाई हाम्रो जीवनको सबैभन्दा महत्वपूर्ण व्यक्ति हो । जसले हामीलाई नौ महिना कोखमा राखी अनेकौं दुःख, कष्ट, पीडा सहेर जन्म दिनुभयो । तपाईले हात सामाती हिँड्न सिकाउनुभयो, तोते बोली बोल्न सिकाउनुभयो र गल्तीलाई सुधारी सही मार्गमा हिँड्न सिकाउनुभयो । आमा तपाईले जति दुःख भोग्नु भए पनि हामीलाई उत्तम सुविधा दिनुभयो । मेरो जीवनको शिक्षक र मार्गदर्शक हुनुका साथै मेरो सबैभन्दा मिल्ने साथी पनि तपाईं नै हो ।

जब, म समस्यामा हुन्छु त्यो बेला तपाईले मेरो आत्मविश्वास जोगाउने काम गर्नुभयो । म मेरो जीवनमा जे छु तपाई कै कारण छु । किनकि तपाई मेरो सफलता र दुःख दुवैमा हुनुहुन्छ । मेरो सुख, दुःखमा सामेल भई हरपल मेरो खुसीका लागि आफ्ना सादा इच्छा र चाहनाहरु त्याग गर्नुहुन्छ । तपाईले हामीलाई धैर्य गरी अघि बढ्न प्रेरित गर्नुभयो । तपाईको कडा परिश्रम, निस्वार्थता, र त्यागले मलाई सधै प्रेरित गरेको छ । तपाईले नै मलाई सामाजिक व्यवहारदेखि इमानदारी र कडा परिश्रमको महत्वपूर्ण पाठ सिकाउनु भएको छ ।


तपाईको काख एउटा यस्तो स्थान हो जहाँ हामी खुसी भई आफूलाई सुरक्षित महसुस गर्छौं । तपाईको त्यही न्यानो काख नै हाम्रो पहिलो पाठशाला हो । जहाँ हामी आमाको हात समातेर हिँड्न सिक्छौं, तोते बोली बोल्न सिक्छौं । तपाईले हाम्रो मनको कुरा बुझेर सही के हो ? गलत के हो ? सम्झाई ज्ञानी, गुणी, बुद्धिमानी बनाई जीवनको लक्ष्य प्राप्त गरी अघि बढ्न हौसला दिनुहुन्छ । तपाई हाम्रो अनमोल सान हो । आजसम्म मैले जति पनि गल्ती गरेकी छु त्यसका लागि मलाई माफ गरिदिनुहोस् र अब मबाट ती गल्तीहरु कहिल्यै दोहोर्‍याउँदिन ।

तपाईले अहिलेसम्म मलाई जति पनि माया, ममता दिनुभएको छ । त्यसको ऋण तिर्न सक्दिन तर म तपाईलाई सधैं खुशी बनाउने छु । आमा पत्र अलि लामो भए जस्तो लाग्यो अरु कुरा अर्को पत्रमा गरौला ।

हजुरकी प्यारी छोरी

*जीएस निकेतन मावि, हेटौँडा-५*


# चित्रकला







समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रह्मदिक् एकेडेमी, हेटौँडा-४






आईतमाया तामाङ
धादिङबेसी-८






यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौँडा-५



दिपासना थापा
कक्षाः- १०, जिएस निकेतन, हेटौँडा-५

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# Hero



Darshan Adhikari

How is that possible?
That the touch of yours,
Could heal any kind of wound,
Like it never existed before.

How is that possible?
You could identify,
What is going on in our head,
with just a scan

How is that possible?
You have all the answers,
Like an encyclopaedia,
For all our silly questions.

God made you,
As his perfect creation,
As the angel of the world,
As the bravest warrior.

These words would never be enough,
Seven skies would never fit,
To repay you my love,
The one who brought me into this world,
My mother, my hero!

*Grade–10 , Everest*
*Navodaya shishu Sadan*

# टुक्का



**कृष्ण कुमार वैद्य**

प्रकृतिमा रमिरहेका छन् रङ्गी बिरङ्गी मजुर,
उनैका हुन् झिलिमिलि यावत चराचर हजुर ।

एक जोडा नेताको न्वारान गरे सीतारा र तारा,
छर्लङ्ग्यायो सर्वहारा जोडाले करोडपति पारा ।

नयाँ सालमा नहोस् सधैंको पात्रो फेर्ने मात्र काम,
लिएर आऊ निमुखाको आँगनमा जाज्वल्य घाम ।

सुशासन, समृद्ध, शुभ रहोस् नयाँ सालको मिति,
अन्याय, अत्याचार, भ्रष्टाचार नहोओस् हे बेथिति ।

उसकै पोखरी उसकै माछो नराख्नु दरकार,
खेल तमासा देखाउने उसकै छ नि सरकार !

"प्रभु"को वरदानले चढ्ने चढाउने पालैपालो,
अदृश्य शक्तिसँग गरिरहेछन् सदा हातेमालो ।

पाइला चाल्दैछु सुस्त सिकारु साहित्य अनुरागी,
कविता दिवसको शुभकामना लाख तिम्रो लागि ।

दुस्साहस द्वेषले पहिल्याउन सकिन्न निसाना,
जिब्रो पट्काएर हसुर्ने गइसके क्यारे जमाना ।

आतेजाते भए पनि निर्धक्क बस्नु धक नमानी,
थाहा नभएको हैन आयाराम गयारामको बानी ।

मिसन चौरासीका रत्नाकरहरू सत्तामा आयो,
आहालमा बसेका च्वाँचेहरूले पनि चाल पायो ।

*बनेपा ९, काभ्रे*

# चिन्ता नगर बा !



**निर्जला पराजुली**

बिहान सबेरै उठी बोक्छौ डोको नाम्लो
बिर्सेर सब दुख तिम्रो खुसी खोज्छौ मेरो
फाटेका चप्पल तिम्रो नयाँ जुत्ता मेरो
तिमी मात्र विश्वास गर बा,
घरको चुहिने छाना टाल्ने जिम्मा मेरो

हिड्छन् काधमा बोकी जिम्मेवारी, पीडा मनभरी
पाउँदिन कतै, तिम्रो त्यो निश्चन प्रेम संसारभरी
डर लाग्छ कहिलेकाहीँ सोच्दा भविष्य आफैलाई
सफलताको शिखर चडेर देखाउनु छ तिमीलाई

ढल्कदै जान्छ उमेर तिम्रो उत्ति डर लाग्छ मलाई
चिन्ता नगर बा, अब म छु तिम्रा लागि
हटाई सब दुख तिम्रा म बोक्नेछु तिम्रो भारी
घरको पिल्लर बनेर अब म, उठाउनेछु जिम्मेवारी

*कक्षा-१०, सनराइज इङलिस बोर्डिङ स्कूल*
*हेटौंडा-१२, पदमपोखरी*

# आमाको साथ



**सुदिक्षा खरेल**

आमाको ज्ञान हामीमा भए जीवन फुल्दछ
आमाको साथ भएमा हाम्रो सुमार्ग खुल्दछ
आमाको काख आमाको साथ आमाको सपना
निस्वार्थ देवी दयालु आँखा गर्दछिन् कल्पना

आमाले गर्दा जीवन सारा हामीले पाएको
आमाले गर्दा भविष्य हाम्रो सुन्दरता छाएको
बुनेकी छिन् सपना हाम्रो राम्रोका लागि
नराम्रो कार्य गरेमा उनी गर्दछिन् गाली

आमाको हात हामीमा भए संसार हँसिलो
उनले गर्दा जीवन हाम्रो बन्दछ सजिलो
बयान गर्न सक्दिन उनको बल र क्षमता
कहिले पनि भुल्न सकिन्न उनको ममता

फरक छन् भावना शब्द आमाको एउटै
रचना गर्ने सृष्टि गर्ने कामना एउटै
आँखामा बस्छौ मनमा बस्छौ नबिझाई कहिलै
मनको कुरा नभनी मैले पुऱ्याउँछिन् पहिलै

आमाले सृष्टि गरेमा पृथ्वी सुन्दर देखिन्छ
हामीले राम्रो कार्यमा लागे भविष्य देखिन्छ
जन्मियौं यही हुर्कियौ यही आमाको काखमा भएमा
उनी लाग्दछ सारा सृष्टि छ साथामा

आजको दिन मनमा हर्ष उमङ्ग छाएको
आमाको मुख हेर्नका लागि साथ नै पाएको
आमाले हाम्रो राम्रोका लागि अगाडि बढाउने
भविष्य राम्रो बनोस् भनी पठन सिकाउने

सुखमा होस् वा दुख सधै खुसी छ अनुहार
सम्मान गऱ्यौं साथमा हुँदा नगरौं पछि गुहार ।

*कक्षा-९, जीएस निकेतन मावि, हेटौँडा-५*

# जिम्मेवारी सञ्चारकर्मी (पत्रकार)



**दीपा न्यौपाने**

न भोक, न तिर्खा न त निन्द्रा नै मेटिन्छ तिम्रो
बोल्दा, बोल्दा घाँटी सुक्छ, कतै कदर हैन तिम्रो
हर कुनामा पुग्छौ तिमी घाम, पानीको परवाह छैन
दिनभरी रिपोर्ट बेलुका छपाई गर्दा रात बित्छ थाहै छैन

राम्रा र नराम्रा काम गर्नेको नि चर्चा गर्छौं
विहानीको उज्यालो संग सबैको हातमा खबर दिन्छौ
हराएका परिवारको खुसी, बिग्रेका घर बनाई दिन्छौ
रोजगार खोज्दै हिँडिरहेकालाई पत्रकार बनाई दिन्छौ

कहिले राम्रा खबर सुनाउछौँ त कहिले रुवाइदिन्छौ
कहिले आसु बगाउने खोली त कहिले पुछ्ने रुमाल बनिदिन्छौ
कहिले प्रतिभा देखाउछौ कहिले प्रतिभा प्रष्पोटन गर्न लगाउँछौ
मन भित्र गुम्सिएका सबै कुरा खोल्न सघाउछौँ

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# सुन्दर देश नेपाल



**रीता कार्की**

नेपाल हाम्रो देश कति राम्रो भेष
हिमाल पहाड तराई कोही छैन पराइ

सुन्दर छ खोला नाला सुन्दर छ वन
यहीँ बाँच्ने चाहना छ भन्छ मेरो मन

छैन यहाँ कुनै आधारमा भेदभाव
सबै नेपालीबीच कायम छ सद्भाव

छ त केवल शान्ति र मानवताको
सन्देश फैलियो यही देशमा बुद्धत्वको

ठूला ठूला झरना छन् यहाँ
रमाइलो लाग्छ मलाई आफ्नै धर्तीमा

वीरहरुले रगत बगाई बचाएको देश
सबै जना मिली बसेको हाम्रो परिवेश

*कक्षा ८, श्री श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४*

## गाउँखाने कथा

१. आफ्नो चीज भएपनि अरुले नै दिन्छन्, दिन पनि त्यसलाई अरुले नै दिन्छन् ।
- नाम

२. आँखा छैन भूँइतिर हेर्छ, कान निमोठ्यो बान्ता गर्छ ।
- कलधारा

३. आउने जानेलाई खान दिएस् आफूलाई चाहिने लुगा लिएस् ।
- ऐँसेलु

४. आई बुढी मच्चिँदै, गई बुढी थच्चिँदै ।
- पीङ

५. पातालमा खुट्टा छन्, टाउकामा सुँढ छ, सुँढ चलाइदिए बाल बाल छाद्छ ।
- ट्यूवेल

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशिः** ऋणभार र खर्च वृद्धिले तनावमा परिने छ । बाधाहरुबाट सकभर बाहिर निकाल्ने समय छ । अल्छी नगर्दा राम्रो रहन्छ । विपरीत परिस्थितिलाई जित्ने समय योग छ । करकायमा कुनै काम नगर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यम छ । आनन्द प्राप्तिका लागि लागि परिएला । पढाई–लेखाई राम्रो रहने समय योग छ ।

**वृष राशिः** आत्मिय मित्रसँग भावना साटासाट गर्न पाइने र दाम्पत्य जीवन खुशी रहने छ ।मिष्ठान्न भोजन र आतिथ्यपूर्ण सम्मान मिल्ला । सहकार्य र साँझेदारीबाट बच्दा राम्रो । बाधा अड्चन टाढा जाने समय छ । नयाँ काम सुरु होला । रामरमाइलोमा समय बित्ला । रमझम प्रति मन आकर्षित होला । व्यापार–व्यवसाय र लेखाई–पढाई ठिकै रहला ।

**मिथुन राशिः** आफन्त र प्रियजनसँग उठबस गर्ने मौका मिल्ला । सामाजिक र धार्मिक क्रियाकलापमा समय बित्ला । परोपकार र आनन्दमा मन जाला । बादविवादबाट टाढा रहँदा राम्रो रहन्छ । साँझेदारी बाट लाभ होला । व्यापार–व्यवसाय मध्यमकारक रहन्छ । विवादस्पद जिम्मेवारी बहन नगर्दा राम्रो । अध्ययन–अध्यापन मध्यमकारक छ ।

**कर्कट राशिः** सिर्जनात्मक काममा समय बित्ला । हाँके/ताकेका काममा पूर्णता प्राप्त हुनेछ । ज्ञानमूलक क्रियाकलापमा संलग्नता बढ्ला । परीक्षा प्रतियोगितामा सफलता प्राप्त हुनेछ । व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ । कामकाजमा गोपनियता राख्दा राम्रो होला । कल्पना र भावनामा अल्मलिने समय योग छ ।

**सिंह राशिः** लक्ष्य प्राप्तिका लागि कठिनाई उत्पन्न होला । प्रगतिका लागि सचेत संयम हुनुपर्ला । स्वास्थ्यमा समस्या र शारीरिक कष्ट प्राप्ति हुने समय छ । साझेदारी काम अरुलाई सुम्पदा राम्रो । विश्वासको कमीले आपसी असमझदारी बढ्ला । पढाई–लेखाई तथा धार्मिक र सामाजिक कृत्यमा सरिक भइएला ।

**कन्या राशिः** कुटनीतिक बुद्धिको उपयोगले ताकेका काममा सफल भइने छ । भद्र भलादमीको संगत प्राप्त हुने समय छ । प्रशासनिक र राजनैतिक काम अघि सर्लान् । दिदीबहिनीका लागि शुभ समाचार प्राप्त होला । धार्मिक एवम् सामाजिक क्रियाकलापमा दौडधूप बढ्ला । अध्ययन–अध्यापनका काममा आँच ।

**तुला राशिः** धनधान्य र प्रतिष्ठा कमाइएला । बोलीमा प्रबलता बढ्ला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिएला । आत्मबल र हिम्मत बढ्ने  समय छ । सामाजिक दायित्व बढ्ला । शेयर कारोबारबाट लाभ होला । प्रतिष्ठित काम गर्ने अवसर मिल्ला । पठनपाठनका काममा ध्यान केन्द्रित हुने समय योग छ ।

**वृश्चिक राशिः** मनमा उत्साह र शरीरमा स्फूर्ति बढ्ने समय छ । व्यक्तित्व र कार्यशैलीको प्रशंसा होला । खुट्टा तान्ने र कुरा काट्नेहरु आफैं तह लाग्नेछन् । सहकर्मीसित असमझदारी बढ्ने समय योग रहेको छ । सामाजिक र धार्मिक क्रियाकलापमा सरिक भइने छ । पढाई–लखाई ठिकै रहने समय योग छ ।

**धनु राशिः** खर्चको मात्रामा अचानक वृद्धि हुनेछ । व्यापार–व्यवसाय गर्दा जोखिम र संकटका बेला चिन्तन गर्नुपर्ला । नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ । मित्रवर्गको साथ सहयोग प्राप्त होला । आनन्द र मनोरञ्जन प्राप्त हुने समय छ । दौडधूप गर्नुपर्ने समय योग रहेको छ । पढाई–लेखाई मध्यमकारक नै मान्नुपर्दछ ।

**मकर राशिः** प्रतिष्ठित बन्ने मौका योग छ । द्वेष र ईर्ष्या गर्नेहरुको हार हुने समय छ । शत्रु र रोग माथि विजय प्राप्त होला । पराक्रमद्वारा अधिकार स्थापित हुने समय छ । व्यापार–व्यवसायबाट राम्रो परिणाम प्राप्त होला । पढाई–लेखाई ठिकै रहने छ । सहकार्यमा काम गर्दा विचारणीय समय छ । धार्मिक र सामाजिक कामबाट लाभ प्राप्त ।

**कुम्भ राशिः** परिश्रम र मिहिनेतले लाभ उठाउन सकिने छ । रोजगारी र बन्द–व्यापारबाट लाभ प्राप्त होला । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्नेछ । मन प्रसन्न रहने समय छ । परीक्षा र प्रतियोगितामा सरिक भइने र सफलता प्राप्त । पदप्रतिष्ठा र मान सम्मान बढ्ला ।

**मीन राशिः** आत्मविश्वास र शिघ्र निर्णय गर्ने क्षमतामा वृद्धि हुनेछ । सामाजिक र धार्मिक कामाम खट्नुपर्ला । सम्मान र प्रतिष्ठा बढ्न सक्ने समय योग छ । परोपकारका काममा सरिक भइने छ । पढाई–लेखाईका कामहरु अधुरा रहनेछन् । आत्मबल र हिम्मत बढ्ने समय योग रहेको छ । प्रशंसा र सहानुभूति प्राप्त होला ।

# तिम्रो सम्झनामा



**पेमा थोकर**

मलाई अझै याद छ त्यो दिन साथी,
जब भेटेका थियौं हामी पहिलो चोटी
सानै देखि हुर्के खेले, सँगसँगै पढें
तिम्रो यादमा आज मैले यो कविता लेखें

मेरी साथी कत्ति राम्री सून्दर फूल जस्ती
तिम्रो साथ हुँदा मलाई सधैँ लाग्थ्यो मस्ती
विचार पनि तिम्रो मेरो एकै हुन्थ्यो जैले
एकअर्काको मन हामीले दुखाएनौं कैले

पहिले जस्तो छैन कुराकानी छैन साथ हाम्रो
तिमी  बिना खै किन हो लाग्छ सारै नराम्रो
मेरो केही कुरामा गल्ती  भए भन
तर टाढा नजाऊ दुखाई मेरो मन

मलाई अझै याद छ, त्यो दिन साथी
जब छुटेका थियौं हामी

*कक्षा-१०, सनराइज इङलिस बोर्डिङ स्कूल*
*हेटौंडा-१२, पदमपोखरी*

## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

## इन्द्रकमल गोल्डकपमा हेटौंडा फुटबल एकेडेमी खेल्दै

समाज संवाददाता

हेटौंडाः चितवनको खैरहनी नगर पालिका-११ स्थित इन्द्रकमल युवा क्लबको आयोजनामा शनिबारबाट इन्द्रकमल गोल्डकप फुटबल प्रतियोगिता सुरु हुँदैछ । प्रतियोगिताको उद्घाटन खेलमा आयोजकसँग हेटौंडा फुटबल एकेडेमी भिड्ने एकेडेमीका प्रशिक्षक एवम् अध्यक्ष भीम लामाले जानकारी दिनुभयो । हेटौंडा र आयोजकबीचको विजेताले सेमिफाइनलमा स्थान बनाउनेछ । नकआउट चरणमा सुरु हुने प्रतियोगितामा १० टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल जेठ २१ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

## थाहा गोल्डकप शनिबारबाट सुरु हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकामा आज शनिबारदेखि थाहा गोल्डकप फुटबल प्रतियोगिता सुरु हुँदैछ । थाहा खेलकुद विकास समितिको आयोजना तथा शिखर क्लबको व्यवस्थापनमा प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिता शुक्रबारबाट सुरु गर्ने भनिए पनि वर्षा र हावाहुरीका कारण शनिबारबाट सुरु गर्ने निर्णय भएको नगर खेलकुद विकास समितिका संयोजक टीका लामाले जानकारी दिनुभयो । शुक्रबार उद्घाटन खेलमा भीमफेदी एफसी र बागेश्वरी युवा क्लबबीच प्रतिस्पर्धा हुने खेल तालिका रहेको थियो । स्थगित भएको भीमफेदी र बागेश्वरीबीचको खेल शनिबार बिहान ८ बजे खेलाइने अध्यक्ष लामाले बताउनुभयो । यस्तै, शनिबार नै दिउँसो २ बजे आयोजक थाहा नगरपालिका र चित्लाङ एफसीबीच प्रतिस्पर्धा हुनेछ ।

नकआउट चरणमा चल्ने प्रतियोगितामा ९ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल जेठ १५ गते हुनेछ । प्रतियोगिताका लागि थाहा नगरपालिकाले ६ लाख रुपैयाँ बजेट विनियोजन गरेको अध्यक्ष लामाले बताउनुभयो । प्रतियोगिताको विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, सर्वोत्कृष्ट खेलाडीले १२ हजार ५ सय रुपैयाँ प्राप्त गर्नेछ भने अन्य विधागत उत्कृष्टले ६ हजार २ सय ५० रुपैयाँ प्राप्त गर्नेछन् ।

## फुटबल प्रशिक्षकका लागि प्रशिक्षण सुरु हुँदै

समाज संवाददाता

हेटौंडाः जिल्ला फुटबल संघ मकवानपुरले आयोजना गर्न लागेको फुटबल प्रशिक्षकका लागि प्रशिक्षण शनिबारबाट सुरु हुँदैछ । शनिबार बिहानदेखि हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा प्रशिक्षण सुरु हुनेछ ।

प्रशिक्षणमा ३५ जना सहभागी हुने जिल्ला फुटबल संघ मकवानपुरका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो । जिल्ला फुटबल संघले बैशाख २८ गते एक सूचना जारी गर्दै प्रशिक्षक प्रशिक्षणमा सहभागिताका लागि जेठ ८ गतेसम्म समय तोकेको थियो । जसमा ३५ जनाले आवेदन दिएका थिए । १५ गतेसम्म सञ्चालन हुने प्रशिक्षणमा एन्फाका वरिष्ठ प्रशिक्षक चेतनारायण श्रेष्ठले प्रशिक्षण गराउनुहुनेछ ।

## हेटौंडा इन्फिल्डर्सको वार्षिकोत्सवमा गिरीलाई सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा इन्फिल्डर्स मकवानपुरले आफ्नो ११ औं वार्षिकोत्सवको अवसरमा एक परिवारलाई सहयोग गरेको छ । बिहीबार हेटौंडा-८, औद्योगिक क्षेत्रभित्रका ७५ वर्षीय योगेन्द्र गिरीलाई खाद्यान्न र लत्ताकपडा वितरण गरेको हेटौंडा इन्फिल्डर्सका सदस्य सुनिल लोप्चनले जानकारी दिनुभयो ।

आर्थिक अवस्था निकै कमजोर गिरीलाई ९ हजार ९ सय रुपैयाँका खाद्यान्न सामग्री वितरण गरेको सदस्य लोप्चनले बताउनुभयो । यस्तै, गिरीलाई ओढ्ने र ओछ्याउने, लत्ताकपडा, टर्च लाइट, रेडियो र एक हजार रुपैयाँ नगद पनि वितरण गरेको उहाँले बताउनुभयो ।

हेटौंडा इन्फिल्डर्सले विभिन्न सामाजिक कार्यहरु गर्दै आइरहेको छ । हेटौंडा इन्फिल्डर्सले केही महिनाअघि राक्सिराङ गाउँपालिकामा १ सय जनाभन्दा बढी विद्यार्थीलाई र हेटौंडा-१३ मा पनि ९० जनाभन्दा विद्यार्थीलाई न्यानो कपडा र झोला वितरण गरेको थियो ।

## २२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-११, नवलपुरमा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रम वडा नम्बर ११ को टोल विकास संस्थाको आयोजनामा भएको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दाहालले जानकारी दिनुभयो । वातावरण दिवसको उपलक्ष्यमा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । यस्तै, सोमबार हातेमालो सहकारीको आयोजनामा रक्तदान कार्यक्रम सञ्चालन हुँदैछ ।

## कछुवा दिवस मनाइयो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा विश्व कछुवा दिवस मनाइएको छ । 'स्टोप टर्टल एक्स्प्लोइटेसन, सेभ टर्टल' भन्ने मुल नाराका साथ हरेक वर्ष मे २३ का दिन मनाइने विश्व कछुवा दिवस मनाइएको हो ।

वाइल्ड केयरको आयोजना र कछुवा उद्दार तथा संरक्षण केन्द्र, झापा तथा फरेष्ट्री कलेजका अन्य ग्रीन संस्थाहरुको सहयोगमा विभिन्न जनचेतनामूलक कार्यक्रम गरी कछुवा दिवस मनाइएको छ । बासस्थानको विनाश, चोरीपैठारी आदिका कारणले लोप हुन लागेको कछुवालाई भविष्यका दिनमा देख्न नपाइने अवस्था नहोस् भनेर कार्यक्रम आयोजना गरिएको बताइएको छ ।

सडक र्‍याली, समुदायमा जनचेतना र स्टल प्रदर्शनी गरी ३ चरणमा कार्यक्रम सम्पन्न भएको निश्चल भट्टले जानकारी दिनुभएको छ । बिहान ८ बजे फरेष्ट्री क्याम्पसबाट सुरु भएको र्‍याली झण्डाचोक, कान्तिलोकपथ हुँदै बुद्धचोक र अन्त्यमा फरेष्ट्री गेट पुगेर समापन भएको भट्टले बताउनुभयो । र्‍यालीको उद्देश्य कछुवाको अवैधानिक चोरी शिकारी र बेचबिखन अन्त्य गर्नु थियो । र्‍यालीमा सहभागी विद्यार्थीहरूले कछुवाको स्टिकर तथा पोस्टकार्डहरु लिएर संरक्षणको सन्देशसहित नारा लगाएका थिए ।

उक्त कार्यक्रमपछि करिब १ बजेबाट मकवानपुरगढी गाउपालिका-४ मा समुदायस्तरको जनचेतनाको कार्यक्रम सम्पन्न गरियो । मासु, अवैध चोरी शिकारी र घरपालुवा जीवको रूपमा प्रयोग हुँदा कछुवाको संख्या घट्दो छ । स्थानीयस्तरमा पाइने कछुवाको बासस्थान प्रवर्द्धन र व्यवस्थापनबारे जनचेतना जगाउनु कार्यक्रमको उद्देश्य थियो ।

हेटौंडा-४, हुप्रचौरमा एजुकेशन स्टल राखिएको थियो । उक्त स्टलबाट विद्यार्थी र अन्य मानिसले कछुवासम्बन्धी जानकारी लिने अवसर प्राप्त गरेको भट्टले जानकारी दिनुभयो । नेपालको कानुनले कछुवा पालन गर्न, बेच्न र मार्न बन्देज गरेको छ । कार्यक्रमपश्चात् कछुवा संरक्षणमा एक ईट्टा थप्न सफल भएको र आगामी दिनहरुमा पनि अझै यस्ता जनचेतनाका कार्यक्रमहरु गर्ने कार्यक्रम संयोजक महिमा पौड्यालले बताउनुभयो ।

हेटौंडाको विभिन्न नदी तथा जलाधार छेत्र कछुवाको बासस्थान हो । नदी सर सफाइ, कछुवा र अन्य जीवजन्तुको बासस्थान व्यवस्थापन र पारिस्थितिक प्रणाली सन्तुलन गर्न यस्ता दिवसले सहयोग पुर्‍याउने उहाँले जानकारी दिनुभयो । कछुवा विश्वको सबैभन्दा धेरै बाँच्ने प्राणी हो । कछुवाको हिन्दू धर्ममा छुट्टै महत्व रहेका कारण पनि कछुवाको संरक्षण गर्न अत्यन्त जरुरी रहेको उहाँको भनाइ छ ।


### हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# हार्दिक आमन्त्रण



जन्मः बि.सं.2040 जेठ १९
स्व. केशव प्रसाद मुडभरी
स्वर्गारोहणः बि.सं. २०८१ जेठ २

यस फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल आदरणीय **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा मुडभरी परिवारप्रति समवेदना प्रकट गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारीमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि उपस्थिति भइदिनुहुन सादर आमन्त्रण गर्दछौं ।

तपसील
मितिः २०८१/०२/१४
समयः दिनको १ बजेपछि ।
स्थानः हेटौंडा-१२, बीचरोड (मुडभरी निवास)

**प्रार्थी**

**फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूल परिवार**
हेटौंडा-१३, पदमपोखरी
९८५५०८४८०४/९८६३८०५८६२



# सादर आमन्त्रण



जन्मः बि.सं.2040 जेठ १९
स्व. केशव प्रसाद मुडभरी
स्वर्गारोहणः बि.सं. २०८१ जेठ २

हाम्रा प्रिय सुपुत्र **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गतेका दिन दुर्घटनामा परी निधनको खबरले हामी मर्माहत छौं । यस दुखद् घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने सम्पूर्णमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि उपस्थिति भइदिनुहुन सादर आमन्त्रण गर्दछौं ।

तपसील
मितिः २०८१/०२/१४
समयः दिनको १ बजेपछि ।
स्थानः हेटौंडा-१२, बीचरोड (मुडभरी निवास)

**प्रार्थी**

**बुबा/आमा**
**सोमप्रसाद/प्रमिला मुडभरी**
९८४५२९४५०५, ९८६३८०५८६२


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ